प्रतिदिन १८ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१८ ।। अङ्क : ०२८ ।। २०८२ फागुन १५ गते शुक्रबार (27th Feb 2026 Friday) **Pratidin** National Daily मूल्य-रु.५/-


### झापामा चुनावी उच्छृंखलता बढ्यो

# राष्ट्रिय झण्डामा आगजनी, पार्टी कार्यालय तोडफोड

झापा, फागुन १४ । झापामा चुनावी उच्छृंखलता बढेको छ । झापा गाउँपालिकाका ६ शरणामतीमा लगातार एमालेको झण्डा जलाएको घटना सेलाउन नपाउँदै कमलमा राष्ट्रिय झण्डामा आगो लगाइएको छ ।

बुधवार कमल गाउँपालिका ६ खयरबारीमा खयरबारी युवा क्लवद्वारा निर्माणाधीन मुक्तिघाट निर्माणस्थलमा रहेको शिलान्यास ब्यानरमा अपरिचित व्यक्तिले आगो लगाइदिएका छन् । सोही ब्यानरको माथि बाँसमा गाडिएको नेपालको झण्डामा समेत आगोको झिल्कोले भेटेको छ । आगोको झिल्कोले झण्डाको तल्लोपट्टिको केही भाग जलेको छ ।

स्थानीयले बुधवार दिउँसो ४ बजे इलाका प्रहरी कार्यालय दमकमा जानकारी गराएपछि प्रहरी टोली खटिएर थप अनुसन्धान तथा घटनामा संग्लन आशंकित व्यक्तिहरुको पहिचान तथा खोजी भइरहेको प्रहरीले जनाएको छ ।

त्यस्तै दमकमा रहेको नेपाली कांग्रेसको पार्टी कार्यालयमा तोडफोड भएको छ । दमक ५ स्थित दुई तले पक्की घरमा रहेको



नेपाली कांग्रेसको पार्टी कार्यालय जेनजी आन्दोलनमा तोडफोड गरी सम्पूर्ण सीसाहरु फुटाइएको थियो ।

पार्टी कार्यालय तोडफोडपछि तल्लो तलाको उतरपट्टिको एउटा कोठाको झ्यालको सीसा मर्मत गरी सर-सामान राख्ने गरिएकोमा सो कोठाको झ्यालको सीसा अपरिचित व्यक्तिले ढुंगाले हानेर पुनः फुटाइदिएका हुन् । इलाका प्रहरी कार्यालय दमकबाट प्रहरी नायव उपरीक्षक नरेशराज मल्लको कमाण्डमा टोली खटिएर थप बुझ्ने कार्य भइरहेको जनाइएको छ ।

यसैबीच निर्वाचनको ' इपिसेन्टर' बनेको झापा जिल्लामा प्रहरी प्रधान कार्यालयले अन्यत्रको तुलनामा ठुलो संख्यामा सुरक्षाकर्मी पठाएको छ। सुरक्षा संवेदनशीलताको विश्लेषण गरी झापामा डिएसपी र इन्स्पेक्टरसहित थप मद्दतका लागि ठुलो संख्यामा सुरक्षाकर्मी खटाइएको हो। त्यस्तै, सुरक्षा समन्वयका लागि बुधबारदेखि एसएसपी पनि खटाइएको छ। झापा र इलाम जिल्लामा समन्वय गर्ने गरी एसएसपी गोविन्द अधिकारीलाई प्रहरी प्रधान कार्यालयको निर्णयअनुसार खटाइएको कोशी प्रदेशका डिआइजी विनोद घिमिरेले जानकारी दिए। एसएसपी अधिकारी कोशी प्रदेश तालिम केन्द्र, विराटनगरमा कार्यरत छन्।

एमाले अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रधानमन्त्रीका उम्मेदवार रहेका बालेन शाह एउटै क्षेत्रमा प्रतिस्पर्धा गरिरहेकाले झापालाई सुरक्षा निकायले उच्च संवेदनशील जिल्लाका रूपमा राखेर सुरक्षाकर्मी परिचालन गरिएको छ। जिल्लाको नियमित कमान्ड भने एसपी बसुन्धरा खड्काले गर्दै आएकी छन्। हरेक निर्वाचन क्षेत्रमा डिएसपीको कमान्डमा प्रहरी खटिएका छन्। त्यस्तै, मोरङ र सुनसरी हेर्ने गरी ज्ञानेन्द्र फुँयाल तथा उदयपुर र खोटाङ हेर्ने गरी योगेन्द्रसिंह थापालाई खटाइएको छ।

## झापामा नेकपा बहुमतका दुईजना कार्यकर्ता पक्राउ

झापा, फागुन १४ । झापामा नेपाल कम्युनिष्ट पार्टी (बहुमत) का दुईजना कार्यकर्ता पक्राउ परेका छन् ।



पक्राउ पर्नेहरुमा पार्टीका केन्द्रीय सचिवालय सदस्य तथा १ नं. व्युरो इन्चार्ज धमिल र झापा जिल्ला कमिटी सदस्य हेम अर्याल रहेका छन् । बुधवार दिउँसो करिव २ बजे बुद्धशान्तिबाट उनीहरु पक्राउ परेका हुन् ।

उनीहरुलाई पक्राउ गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

यसैबीच सो पार्टीका कार्यालय सचिव अविरलले एक प्रेस विज्ञप्ति जारी गरी संगठनात्मक कामको सिलसिलामा भएको बेला न्यूनतम लोकतान्त्रिक अधिकारलाई समेत कुल्चेर गैरन्यायिक गिरफ्तारी गरिएको भन्दै तत्काल रिहाई गर्न माग गरेका छन् । नेकपा बहुमतले निर्वाचन विरोधी गतिविधि गर्दै आएको छ ।

## बिर्तामोड र सूर्योदयबाट २८ लाखको अवैध सामान बरामद

झापा, फागुन १४ । झापाको बिर्तामोड र इलामको सर्योदय नगरपालिकाबाट प्रहरीले करिव २८ लाख बराबरको अवैध सामान बरामद गरेको छ । बिहीवार बिहान ८ बजे बिर्तामोड ८ गरामनीस्थित भद्रपुर- बिर्तामोड सडकखण्डमा भद्रपुरबाट बिर्तामोडतर्फ आउँदै गरेको डब्लुबी ७४ डब्लु १२९६






नम्बरको मारुती भ्यानमा भन्सार छली गरी ल्याएको सामानहरु अस्थायी प्रहरी चौकी गरामनीबाट खटिएको टोलीले फेला पारेको हो । गाडीमा विभिन्न घरायसी र मेशिनरी सामानहरु बरामद भएका हुन् । गाडी र बरामद सामान गरी १० लाख ६८ हजार रुपैयाँको मूल्यांकन गरी आवश्यक कारवाहीको लागि मेची भन्सार कार्यालय काँकडभिट्टा पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

उता इलामको सूर्योदय नगरपालिकामा पनि प्रहरीले ठूलो मात्रामा अवैध भारतीय मदिरा बरामद गरेको छ ।

बिहीवार बिहानको राति २ बजे इलाम सूर्योदय नगरपालिका वडा नं.३ नेचारगाउँस्थित फिक्कल-पशुपतिनगर पक्की सडकखण्डमा जिल्ला प्रहरी कार्यालय इलामबाट खटिएको प्रहरी टोलीले पशुपतिनगरबाट फिक्कलतर्फ आउँदै गरेको प्र.१-०१-००२च ४३९० नम्बरको बोलेरो पिकअप गाडीलाई शंका लागेर चेकजाँच गर्ने क्रममा भन्सार छली ल्याएको अवैध भारतीय मदिरा बरामद गरेको हो । भारतीय मदिरा हनी बी ब्राण्डी ७१ काटुन (८५२ बोतल) र सिक्किम गोल्डेन मेलोन ब्राण्डी ७८ काटुन (९३६ बोतल) गरी जम्मा १४९ काटुन (१,७८८ बोतल) बरामद भएको हो । अन्दाजी ७ लाख ९६ हजार २०० रुपैयाँको मदिरा र बोलेरो पिकअप गाडीको अन्दाजी मूल्य ९ लाख ७५ हजार गरी जम्मा १७ लाख ७१ हजार २०० रुपैयाँ बराबरको सामान आवश्यक कारवाहीका लागि भन्सार कार्यालय पशुपतिनगर बुझाइएको छ । अवैध सामानसहित गाडीका चालक इलाम सूर्योदय वडा नं.३ बस्ने बर्ष २६ का रोशन प्रधानलाई पनि नियन्त्रणमा लिई आवश्यक कार्वाहीको लागि बुझाइएको जिल्ला प्रहरी कार्यालय इलामका सूचना अधिकारी डीएसपी लक्ष्मी भण्डारीले जानकारी दिएका छन् ।

## लागूऔषधसहित तीनजना पक्राउ



। बुधवार साँझ ६ बजे लागूऔषध नियन्त्रण व्यूरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले मेचीपुलमा भारतको पानीट्याङ्कीबाट सिटीसफारीमा नेपालतर्फ आउँदै गरेका बिर्तामोड ५ जात्रुबारी बस्ने बर्ष २९ का अर्जुन राजवंशीलाई लागूऔषधसहित पक्राउ गरेको हो ।

शंका लागेर शरीर तलासी लिँदा मलद्वारभित्र लुकाई छिपाई ल्याएको प्लाष्टिकबाहेक ६ ग्राम ब्राउन सुगर फेला परेको थियो । उनलाई लागूऔषधसहित नियन्त्रणमा लिइ आवश्यक कारवाहीको लागि इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

त्यस्तै दमकबाट लागूऔषधसहित दुईजना पक्राउ परेका छन् । बुधवार राति १२:१५ बजे दमक २ स्थित बेलडाँगीमा सशस्त्र प्रहरी बल नेपाल झापा क्षेत्र नं. ५ निर्वाचन सुरक्षा बेशबाट खटिएको टोलीले चेकजाँच गर्ने क्रममा को १ ह ७२५७ को अटोमा चालक दमक ९ चियावारी बस्ने अन्दाजी बर्ष २६ का सोनु पोद्धार र दमक २ बेलडाँगी बस्ने अन्दाजी बर्ष २० का लक्ष्मी लिम्बूलाई ब्राउन सुगरसहित पक्राउ गरेको हो ।

उनीहरुको साथबाट ५ ग्राम ब्राउन सुगर र ६ वटा डायनोमा ट्याब्लेट फेला परेको छ । आबश्यक अनुसन्धान तथा कार्वाहीको उनीहरुलाई प्रहरी चौकी बाघखोरमा सवारीसहित बुझाइएको छ ।

## नसर्ने रोगबाट झापामा ४ लाख ४७ बढी हजार प्रभावित

भद्रपुर । जीवनशैलीको परिवर्तन, धुम्रपान, मद्यपानको लत लगायतका कारणले झापामा नसर्ने रोगका विरामीको संख्या दिनप्रतिदिन बढ्दै गइरहेको पाइएको छ । झापामा उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मिर्गौला बिग्रेका, दीर्घ श्वासप्रश्वास जस्ता नसर्ने रोगीको संख्या हरेक वर्ष उच्च दरले बढ्दै गइरहेको हो ।

स्वास्थ्य कार्यालय झापाका अनुसार नसर्ने रोगका कारण झापामा आर्थिक वर्ष २०८१/०८२ मात्र ४ लाख ४७ हजार ६२२ जना दीर्घ रोगी रहेको छन् । आर्थिक वर्ष २०७९/०८० मा ८२ हजार हाराहारीमा रहेका दीर्घरोगी ३ वर्षको अन्तरालमा चार गुनाले बृद्धि हुनु आफैमा चिन्ताजनक विषय रहेको स्वास्थ्य कार्यालय झापाका प्रमुख वृजकुमार दासको भनाइ छ । उनका अनुसार शारीरिक सकृयताको कमी, बढ्दो शहरीकरणसित भित्रिएको आधुनिकीकरण, वायु प्रदूषण, विषाक्त खाद्य पदार्थ लगायतका कारणले हरेक वर्ष नसर्ने रोगीको संख्या बढिरहेको हो ।

नसर्ने रोग सम्बन्धी गरिएको अन्तरक्रिया कार्यक्रममा सहजीकरण गर्दै जनस्वास्थ्य अधिकृत विश्वनाथ श्रेष्ठले नसर्ने रोगीको उपचारमा राज्य कोषबाट अरबौं रकम खर्च भइरहेको जानकारी दिँदै झापामा मात्र हरेक वर्ष ३६ करोड ८१ लाख ६० हजार रूपैया खर्च भइरहेको छ । यसलाई रोक्न नसक्ने हो भने आगामी वर्षहरूमा राज्य कोषको पचास प्रतिशत रकमले पनि विरामीको उपचार गर्न नसकिने अवस्था आउन सक्ने श्रेष्ठको भनाइ छ ।

कार्यक्रममा बोल्दै कोशी प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव डा. यदुचन्द्र घिमिरेले हरेक नागरिक सचेत भएर आफ्नो स्वास्थ्यको ख्याल गर्ने वातावरण नबनेसम्म नसर्ने रोगीको संख्या नघट्ने बताए । सचिव घिमिरेले धुम्रपान, मद्यपान, अखाद्य विषादी जस्ता दीर्घ रोगका कारक रोक्न सरकारले प्रयास गरिरहेको भए पनि विभिन्न कारणले नियन्त्रणमा नआएको प्रष्ट पारे ।

कार्यक्रममा जिल्ला समन्वय समिति झापाका प्रमुख विश्वराज बरालले सरकार र नागरिक दुवै पक्ष सजग नभएसम्म नसर्ने रोग बढ्ने क्रम नरोकिने धारणा राखे । विश्वमा नसर्ने रोगका कारण हरेक वर्ष ४ चार करोड बढी मानिसको मृत्यु हुने गरेको छ भने नेपालमा पनि ७० प्रतिशत मृत्युको कारण नसर्ने रोग नै रहने गरेको सरकारी तथ्याङ्कले देखाएको छ । जसमध्ये ५० प्रतिशत मृत्यु ६० वर्षमाथि देखिन्छ भने अन्य उमेर समूहका मानिसको मृत्युदर पनि ५० प्रतिशत हाराहारीमा रहेको छ ।

## मत सर्वेक्षण बन्द गर्न अनलाइनलाई आयोगको निर्देशन

काठमाडौँ, फागुन १४ । निर्वाचन आयोगले मत सर्वेक्षण 'लाइभ'मा संलग्न ११ अनलाइनलाई बन्द गर्न निर्देशन दिएको छ।

आयोगले यही फागुन २१ गते हुन लागेको मत सर्वेक्षण गर्न नपाउने आचारसंहिताविपरीत मत सर्वेक्षणको लाइभ गरेको भन्दै ती अनलाइनलाई कारबाही गर्न सम्बन्धित निकायलाई सिफारिस गरेको आयोगका सहप्रवक्ता सीता पुनले बताइन्।

निर्वाचन आयोगको सहकार्यमा पत्रकार महिलाका लागि आयोजित 'निर्वाचन समाचार र आचारसंहितासम्बन्धी अभिमुखीकरण' कार्यक्रममा उनले भनिन्, "अन्य देशको तुलनामा नेपालको परिवेश फरक छ, मतदातालाई आफैँलाई जनप्रतिनिधि चुन्ने अधिकार दिनुपर्छ । मतदातालाई अनावश्यक प्रभाव पार्नबाट रोक्नुपर्छ, मत सर्वेक्षणले मतदातालाई एउटा ह्वीममा लैजान्छ भनेर आचारसंहिताले बाँध्नुपरेको हो।"

निर्वाचन आयोग ऐन, २०७३ दफा २३ का अनुसार निर्वाचन आचारसंहिता उल्लङ्घन गरेमा रु एक लाख जरिवाना र उम्मेदवारी रद्द हुनेछ। सहप्रवक्ता पुनले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित बनाउनका लागि सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण रहेको बताइन्।

आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनलाई केन्द्रित गरेर गत माघ ४ गते राति १२ बजेदेखि निर्वाचन आचारसंहिता लागू गरेको छ। यही फागुन १८ गते राति १२ बजेदेखि सुरु हुने मौन अवधिका सञ्चार तथा सामाजिक सञ्जाल कुनै माध्यमबाट प्रचारमूलक सामग्री प्रकाशन/प्रसारण गर्न पाइने छैन। निर्वाचनका लागि आयोगले चार हजार ३०० पर्यवेक्षक निर्वाचन क्षेत्रहरुमा खटिरहेको आयोगले जनाएको छ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला शर्माले 'निर्वाचनमा पत्रकार आचारसंहिता' विषयक कार्यपत्र प्रस्तुत गर्दै निर्वाचनमा समाचार सामग्री तयार गर्दा पत्रकार आचारसंहिताको ध्यान दिनुपर्ने र गोपनियताको सम्मान गरेर उच्च व्यावसायिक अभ्यासमा ध्यान दिनुपर्ने बताइन्। उनले समाचार तयार गर्दा क्षेत्र, लिङ्ग, भाषा, संस्कृति कसैलाई असर नपर्ने गरी समाचार तयार गर्नुपर्ने सूचना निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्न नहुनेमा जोड दिइन्।

## पत्रकार आचार्यमाथि एमाले कार्यकर्ताद्वारा आक्रमण



दमक, फागुन १४ । चुनावी रिपोर्टिङका क्रममा झापा आइपुगेका 'हाम्रोमत' का कार्यकारी सम्पादक पत्रकार अर्जुन आचार्यमाथि नेकपा (एमाले) का कार्यकर्ताहरूले भौतिक आक्रमण गरेका छन्।

झापाको कमल गाउँपालिकास्थित जीवन चोकमा रिपोर्टिङ गरिरहेका आचार्यमाथि एमालेको 'भोलेन्टियर्स फोर्स' का सदस्यहरूले बिहीवार दिउँसो आक्रमण गरेका हुन्। बा २५६१ नम्बरको स्कोरपियोमा चढेर आएका फोर्सका सदस्यहरूले आचार्यमाथि कुटपिट गरेको प्रत्यक्षदर्शीले बताएका छन्। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको घरदैलो र सचिवालयको टोलीलाई पछ्याउने क्रममा उक्त घटना भएको हो।

घरदैलो कार्यक्रम भइरहँदा स्थानीय महिलाहरूले राष्ट्रिय स्वतन्त्र पार्टीको चुनाव चिन्ह 'घण्टी' देखाएर साङ्केतिक विरोध जनाएका थिए। त्यसपछि आक्रोशित बनेका एमाले कार्यकर्ताहरूले ती महिलाहरूमाथि अश्लील शब्द प्रहार गर्दै दुर्व्यवहार गर्न थालेपछि पत्रकार आचार्यले सो दृश्यको फोटो र भिडियो खिच्न खोजेका थिए। दृश्य कैद गर्न खोज्दा आचार्यमाथि सामूहिक आक्रमण भएको हो। आक्रमणकारीहरूले आचार्यको मोबाइल खोसेर लगेका छन् भने उनको चस्मा समेत फुटाइदिएका छन्। आक्रमणबाट आचार्यको आँखा, गाला र ढाडमा चोट लागेको छ। घटनास्थलमा रहेका अन्य पत्रकारहरूले उनलाई उद्धार गरी सुरक्षित स्थानतर्फ लगेका थिए।

आक्रमणपछि पनि एमाले कार्यकर्ताहरूले पत्रकारको टोलीलाई 'दमकमा देखाइदिने' भन्दै धम्की दिएको पत्रकार रोहित दाहालले जानकारी दिए। चुनावी रिपोर्टिङमा रहेका पत्रकारमाथि भएको यस आक्रमणको चौतर्फी विरोध भइरहेको छ।

# चुनावी घोषणापत्रमा शिक्षा

काठमाडौँ । फागुन २१ मा प्रतिनिधिसभा निर्वाचन हुँदै छ। एकै चरणमा हुने यो निर्वाचनका लागि यतिखेर सबै राजनीतिक दल उम्मेदवारहरू चुनावी घोषणापत्र सार्वजनिक गरिसकेर मतदाता रिझाइरहेका छन्।

आफू विजयी हुन दलहरू जनताको घरदैलोमा पुगेर मिठा-मिठा आश्वासन बाँडिरहेका छन्। यसैगरी पहिला निर्वाचनमा गरेको प्रतिबद्धताहरू अहिले अलपत्र छन्,पुराना भइसकेका छन्। विभिन्न राजनीतिक दलहरूले २०७९ मा भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि शिक्षा क्षेत्रमा अनेकन् योजना समेटेर मतदाताका मन जितेका थिए। उनीहरूले ती प्रतिबद्धता भने पूरा गरेनन् ।

हामीले प्रमुख राजनीतिक दलहरू(नेपाली कांग्रेस,नेकपा एमाले,तत्कालीन नेकपा माओवादी( हालको नेकपा) र वैकल्पिक ठानिएका रास्वपा)को पहिला र अहिलेको चुनावी प्रतिबद्धता कार्यान्वयनबारे केही विश्लेषण गरेका छौँ। शिक्षा क्षेत्रको हकमा मात्रै यो सीमित छ।

पहिलो दल नेपाली कांग्रेसले २०७९ को निर्वाचनको बेला पाँच वर्षभित्र प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति हुने व्यवस्था हटाउन तथा विश्वविद्यालयहरूलाई स्वायत्त प्राज्ञिक संस्थाको रूपमा सुस्थापित गर्न आवश्यक कानूनी व्यवस्था गर्ने प्रतिबद्धता जनाएको थियो। त्यो पूरा गर्न सकेन।

विगतका शिक्षा नीतिहरू,राष्ट्रिय शिक्षा नीति तर्जुमा गरी कार्यान्वयन गरिने पनि कांग्रेसको योजना थियो। चुनावी घोषणापत्रमा भनिएको छ, '१५-२४ वर्ष उमेर समूहका महिलाको साक्षरता दर ९२ प्रतिशत रहेकोमा यसलाई ९५ प्रतिशत पुऱ्याइनेछ, विद्यालयमा हाल २८ प्रतिशत इन्टरनेट सेवा पुगेकोमा आगामी ५ वर्षमा ८० प्रतिशत विद्यालयमा यस्तो सेवा पुऱ्याएर प्रविधियुक्त सिकाइलाई महत्व दिइनेछ।'

कक्षा ११ मा भर्ना हुने दर कम्तिमा ५० प्रतिशत पुऱ्याइने, शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्दै संघीय शिक्षा ऐनमा उचित व्यवस्था गरिने पनि कांग्रेसको प्रतिबद्धता थियो।

यतिमात्रै होइन, संविधानको मर्म बमोजिम निःशुल्क शिक्षाको प्रत्याभूति गर्नका लागि भौचर लगायत व्यवस्था गरी गुणस्तरीय शिक्षामा सबैको पहुँच पुऱ्याइने समेत कांग्रेसको त्यो बेला प्रतिबद्धता थियो तर त्यो कागजमै रह्यो। हालपनि निःशुल्क शिक्षा छैन।

दोस्रो दल नेकपा एमालेको २०७९ को चुनावी घोषणापत्रमा समेट्दै आगामी दुई वर्षमा देशलाई पूर्ण साक्षर बनाइने ग्यारेन्टी लिएको थियो।

योसँगै सबै पालिकामा कम्तीमा दुईवटा प्राविधिक धारका विद्यालय सञ्चालन गरिने, उच्च शिक्षा निम्ति विदेश जानपर्ने बाध्यकारी अवस्थाको अन्त्य गर्ने ग्यारेन्टी नै लिएको थियो। तर उच्च शिक्षाका लागि विदेशिने विद्यार्थी संख्या घट्नुको साटो बढ्दो छ।

ग्यारेन्टी ७ मा भनिएको थियो,'देशका सरकारी अनुदानबाट पोषण गरिएका विद्यालय, महाविद्यालय र विश्वविद्यालयलाई रोजगारीकेन्द्रित शिक्षामा जोड दिँदै स्तरीकरण गरिनेछ, सबैका लागि गुणस्तरीय शिक्षाको नीति अवलम्बन गरिनेछ।' यी सबै कुरा घोषणामै सीमित भए।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार अझै पनि मधेश प्रदेशको ८ वटै जिल्ला (सिरहा, सप्तरी, पर्सा, बारा, धनुषा, महोत्तरी, रौतहट र सर्लाही) र कर्णाली प्रदेशको डोल्पा जिल्ला साक्षर जिल्ला घोषणा हुन सकेको छैन।

नेकपा माओवादीले पनि उक्त निर्वाचनमा संघीय शिक्षा ऐन नयाँ सरकार बनेको ६ महिनाभित्र जारी गरिने प्रतिबद्धता जनायो। त्यस्तै,निःशुल्क तथा अनिवार्य शिक्षा सम्बन्धी ऐन तथा नियमावलीको मर्म र भावना बमोजिम कार्यान्वयन गरी नागरिकको शिक्षा पाउने अधिकार सुनिश्चित गरिने पनि प्रतिबद्धता जनाएको थियो।

'कक्षासम्मको शिक्षा निःशुल्क साथै अनिवार्य बनाइनेछ, १२ कक्षा पास गरेको कुनै पनि विद्यार्थी बेरोजगार बन्न नपर्ने गरी सैद्धान्तिक एवम् व्यावहारिक पक्षबिच सन्तुलन हुने गरी पाठ्यक्रममा आमूल परिवर्तन गरिनेछ, शैक्षिक क्षेत्रमा बन्द हड्ताललाई निरुत्साहित गरिनेछ', चुनावी घोषणापत्रमा उल्लेख छ। प्रत्येक प्रदेशमा कम्तीमा एउटा प्रादेशिक विश्वविद्यालय स्थापना गरिने, प्रत्येक जिल्लामा त्रिभुवन विश्वविद्यालयको कम्तीमा एउटा आङ्गिक क्याम्पसको स्थापनाका लागि आवश्यक पहल गरिने लगायत माओवादीको योजना थियो। ती प्रतिबद्धता पूरा गर्न सकेन।

पुरानै राजनीतिक नेतृत्वबाट जनता वाक्कदिक्क भएका बेला २०७९ को निर्वाचनमा वैकल्पिक राजनीतिको रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) उदायो। त्यसबेला रास्वपाले पनि मिठा मिठा वाचा गर्दै जनतालाई आश्वस्त पाऱ्यो। जस्तै, विद्यार्थीले भविष्यमा कमाएर भुक्तान गर्ने गरी नेपालमै स्नातक र उच्च अध्ययन गर्नेका लागि सरकारबाट जमानी बसी बिना धितो शिक्षा कर्जा उपलब्ध गराउने गरी आर्थिक संयन्त्रको स्थापना गरिने।

स्वाध्ययन तथा अनुभवबाट सीप सिकेका प्राविधिक जनशक्तिलाई प्रमाणीकरण गरी मूलधारको शिक्षाको समकक्षता प्रदान गरिनेछ। "भविष्यका लागि तयार जनशक्ति योजना" अन्तर्गत स्टेम साइन्टिफिक टेक्नोलोजी इन्जिनियरिङ एण्ड म्याथमेटिक्स शिक्षामा आधारित वार्षिक ५० हजार जनशक्ति तयार गर्न सातै प्रदेशमा 'स्टेम केन्द्र' स्थापना गरिनेछ। यी सबै प्रतिबद्धता घोषणामा मात्रै सीमित भए।

यसैगरी विश्वविद्यालयमा हुने अति राजनीतिकरण अन्त्य गर्न प्रधानमन्त्रीलाई कुनै पनि विश्वविद्यालयको कुलपति बनाउन व्यवस्था खारेज गरिने,अपांगता एवं फरक क्षमता भएका बालबालिकाका लागि पूर्वाधार युक्त विशेष आवासीय विद्यालयको व्यवस्था हरेक प्रदेशमा गरिने लगायत प्रतिबद्धता जाहेर गरेको थियो। तर यी प्रतिबद्धता कार्यान्वयनमा आउँदै आएनन्।

पुरानै वाचाहरू 'डष्टबिनभित्र' परिरहँदा २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा पनि आफ्नो सिट सुरक्षित पार्न अर्थात् जित्न शिक्षा क्षेत्रका लागि अपत्यारिलो एजेण्डाहरू समावेश गरिएका छन्।

जस्तो-विद्यार्थीलाई २० लाखसम्म निर्ब्याजी ऋणदेखि भत्तासम्मै। नेपाली कांग्रेसले कसैलाई पनि गुणस्तरीय शिक्षा पाउने अधिकारबाट वञ्चित नगराउने, राज्यले शिक्षासँगै जोडेर पोषणको पनि जिम्मा लिने लगायत प्रतिबद्धता जनाएको छ।

नेकपा एमालेले प्राविधिक धारमा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीलाई २० लाखसम्म निर्व्याजी ऋण उपलब्ध गराउने, सरकारी सेवा, निजी क्षेत्रका व्यवसाय र अध्यापन क्षेत्रमा न्यूनतम पाारिश्रमिकसहितको इन्टर्नसिपको प्रबन्ध गर्ने पनि एमालेको प्रतिबद्धता जनाएको छ।

एमालेले सबै विद्यालयका किशोरीलाा‍ई निःशुल्क प्याड, कक्षा १० सम्मका विद्यार्थीलाई दिवा खाजाको प्रबन्ध गर्ने, शिक्षाका लागि विदेश जाने प्रवृत्ति घटाउने लगायत प्रतिबद्धता व्यक्त गरेको छ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले 'एक पालिका एक स्मार्ट विद्यालय' अवधारणा लागू गरी प्रविधिमैत्री शिक्षा र डिजिटल साक्षरता विस्तार गर्ने, सबैको नियुक्ति पूर्णरूपमा मेरिट आधारमा गर्ने लगायत प्रतिबद्धता नेकपाको छ।

यसैगरी रास्वपाले प्रत्येक बालबालिकाको सिक्न पाउने अधिकारलाई अक्षुण्ण राख्न हरेक प्रदेशमा कम्तीमा 'एक अत्याधुनिक नमुना समावेशी विद्यालय' स्थापना गर्दै देशभरका सबै विद्यालयलाई क्रमशः पूर्णतः पहुँचयुक्त र समावेशी बनाउने योजना बुनेको छ।

साथै नेपालमा विदेशी विश्वविद्यालयहरूका आङ्गिक क्याम्पस र विदेशी डिग्री कार्यक्रम सञ्चालन गर्ने लगायत प्रतिबद्धता रास्वपाले व्यक्त गरेको छ।

नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) ले आगामी १० वर्षमा आधारभूत तहदेखि उच्चतहसम्मको सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाएर निजी र सार्वजनिक (सामुदायिक) शिक्षाको भिन्नता अन्त्य गर्ने प्रतिबद्धता जनाएको छ।

नवगठित कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टी (उनेपा) ले हरेक नागरिकले विश्वविद्यालयतहसम्म शिक्षा निःशुल्क प्राप्त गर्ने व्यवस्था गर्ने प्रतिबद्धता जनाएको छ।

कमाउँदै पढ्दै सिक्दै कार्यक्रम ल्याउने, प्लस टुको पाठ्यक्रममा ५० प्रतिशत व्यावसायिक सीप विकासलाई अनिवार्य गरी सरकारी तथा अनौपचारिक क्षेत्रमा १०० दिनसम्मको इन्टर्नसिपको व्यवस्था गरिने पनि उनेपाको प्रतिबद्धता छ।

यसका लागि प्रत्येक विद्यार्थीलाई मासिक १० हजार रूपैयाँ बराबरको 'श्रमबजार प्रवेश उत्प्रेरणा भत्ता' दिने व्यवस्था मिलाउने चुनावी घोषणापत्रमा उल्लेख छ।

चुनावी घोषणापत्रमा प्रत्येक नवजात शिशुको नाममा १५ हजारको बचत खाता खोल्ने व्यवस्था गरी १८ वर्ष उमेरपुगेपछि ब्याजसहित एकमुष्ट रकमबाट उच्च शिक्षा र सीप विकासका लागि उपलब्ध गराउने व्यवस्था मिलाइने, स्मार्ट स्कुल अभियान लगायत योजना उल्लेख छ।

हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले शिक्षा क्षेत्रमा फरक नीति ल्याएको छ। विद्यालयमा हप्ताको ३ दिन मात्र सैद्धान्तिक पढाइ हुनेछ भने बाँकी ४ दिन विद्यार्थीलाई उत्पादन र साहित्य सिर्जनामा लगाउने घोषणापत्रमा उल्लेख छ।

घोषणापत्रमा भनिएको छ,'विद्यार्थीलाई जीवनोपयोगी सीप सिकाउन १२ कक्षासम्म खाना पकाउन र लुगा सिउन अनिवार्य सिकाइनेछ, १२ कक्षा उत्तीर्ण गरेपछि विद्यार्थीले अनिवार्य सैनिक तालिम लिनुपर्नेछ। सैनिक तालिम पूरा गरेपछि मात्रै उच्च शिक्षा हासिल गर्न पाइनेछ।'

## कृषि...

कम्ती छोएको थिएन।

**रास्वपाका बाचा**

अरु दलले जस्तो घोषणापत्र नभनी वाचापत्र भनि सार्वजनिक गरेको रास्वपा सरकारमा पनि सामेल भयो। तर उसले पनि कृषि र किसानका मुद्दामा ठोस कदम चाल्न र आवाज उठाउन सकेको देखिएन।

आसन्न फागुन २१ को प्रतिनीधिसभा निर्वाचन लक्षित बाचापत्रमा रास्वपाले 'नेपालमा कृषि गरेर धनी हुन सकिन्छ' भन्ने विश्वास लिँदै सम्मानजनक पेशाका रूपमा पुनःस्थापना गर्दै अर्थतन्त्रको बलियो आधार तयार गर्ने बताएको छ। सिंचाई, रासायनिक मलखाद तथा कृषि यान्त्रीकरणमा प्राथमिकताका साथ लगानी वृद्धि गर्ने बताएको रास्वापाले अनिश्चितताको घेराभित्र रहेको कृषि क्षेत्रलाई उत्पादन र व्यापार सन्तुलनको विषयमा मात्र सीमित नराखी खाद सुरक्षा र पौष्टिक सुरक्षा जस्ता राष्ट्रिय लक्ष्यहरुसँग जोडेर मुख्य प्राथमिक क्षेत्रको रूपमा अघि बढाउने बाचा गरेको छ।

**जसपाको वाचा थियो, 'उखुको मूल्य निर्धारणमा विशेष पहल'**

एक गाउँ-एक उत्पादनको नीति लागु गर्दै कृषि उत्पादन बढाउने बाचा गरेको जसपाले पाँच वर्षमा प्रत्येक पालिकाहरूसँग सहकार्य गरी प्राकृतिक खेतीको व्यवस्था गर्ने बताएको थियो। मधेश प्रदेश लगायतको कृषि व्यापारको रुपमा रहेको उखु खेती बढाउनका लागि वितरण र मूल्य निर्धारणमा विशेष पहल गरेर किसानको समस्या समाधान गर्न पहल गर्ने उसको बाचा थियो। तर मधेशकै किसानले उखुको मूल्यका लागि काठमाडौँमा आएर माइतिघरमा धर्ना बस्नुपर्ने बाध्यता आइरह्यो। उखुको मूल्यसँगै मलमा अत्यधिक समस्या खेपेको मधेशका मतदाताका लागि जसपाको दुई वर्षभित्र कृषि विकासका लागि नेपालमै रासायनिक मल कारखाना खोल्ने बाचाले मल कारखाना स्थापना मुख्य दलहरूको साझा प्रतिबद्धताको आभास दिलाएको थियो। तर मतदाता मल कारखाना कहाँ र कहिले बन्छ भनेर प्रतीक्षारत छन्। थाहाखबरबाट


## सडक प्रयोग गर्दा ध्यान दिऔं।

- सडक सीमा अतिक्रमण नगरौं।
- सडक सीमामा अस्थायी एवं स्थायी संरचना निर्माण नगरौं।
- सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिऔं।
- सवारी चलाउँदा लेन अनुशासन पालना गरौं र गराऔं।
- सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं।
- सवारी साधनमा झुण्डिएर वा छतमा बसेर यात्रा नगरौं।
- सडकको क्षमताभन्दा बढी भार प्रयोग नगरौं।
- जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने गरौं।
- सडकको तत्काल मर्मतसम्भार गर्ने गरौं।
- यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खबर गरौं।

नेपाल सरकार विज्ञापन बोर्ड



अस्पताल भवन निर्माण कार्यको सुपरिवेक्षणका लागि

## प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित २०८२।११।१५

नेपाल सरकार,भवन विभागबाट स्वीकृत नक्सा, डिजाईन अनुसार निर्माण हुन गइरहेको मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पताल बिर्तामोड ,झापाको १०० शैयूयाको अस्पताल भवन निर्माण कार्यको सुपरिवेक्षण गर्नको लागि इच्छुक र योग्य इन्जिनियर वा इन्जिनियरिङ फर्म/कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा छुट्टाछुट्टै शिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान गरिएको छ । प्रस्ताव ९च्भत्रगभकत ायच एचयउयकबा० सम्बन्धमा पेश गर्नु पर्ने आवश्यक कागजातहरु २०८२।११।२८ गतेभित्र अस्पतालको प्रशासन शाखाबाट प्राप्त गरी मिति २०८२।११।२९ गते कार्यालय समयभित्र बुझाउनु पर्नेछ ।

**अस्पताल प्रशासन शाखा**

**सम्पर्क नम्बर ०२३-५३५२५१**



## सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.

## आशय-पत्र आह्वान सम्बन्धमा

प्रथम पटक प्रकाशित मिति : २०८२/११/१५

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.मुल कार्यालय,बितामोड-२ (झापा) चारपानेको लागि जीवन बरदान कार्यक्रम अन्तरगत सदस्य उपचार संचालन भइरहेको र निकट भविष्यदेखि नै सफ्टवेयरको माध्यमबाट संस्थाको उपचार खर्च रेकर्ड राख्न र बचत तथा ऋण अध्यावधिक विवरण हेर्नको लागि उक्त सफ्टवेयर प्रोग्राम आवश्यक रहेको हुँदा इच्छुक फर्म/कम्पनीबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निम्न आवश्यक कागजातहरुसहित आशय-पत्र पेश गर्न आह्वान गरिन्छ ।

**अन्य विवरणहरु :**

१) आशय-पत्रमा फर्मको नाम, ठेगाना, भ्याट नम्बर, सम्पर्क नम्बर, फर्मको छाप, हस्ताक्षर स्पष्ट लेखिएको हुनु पर्नेछ ।

२) फर्मको लेटर प्याडमा आशय-पत्र प्रस्तुत गरिएको निवेदन लेख्नु पर्नेछ ।

३) समय नाघि वा रीत पुरा नगरी प्राप्त भएको आशय-पत्रलाई मान्यता दिइने छैन ।

४) आशय-पत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।

५) आशय-पत्र स्वीकृत भएका फर्म/कम्पनीले संस्थालाई उपलब्ध गराउने सफ्टवेयरमा हाल संस्थामा संचालनमा रहेका कार्यक्रमहरुका विस्तृत धारणा बुझी सफ्टवेयर निर्माण गर्नु पर्नेछ ।यदि संस्थाको कार्यक्रम परिवर्तन भएमा सोही अनुसार सफ्टवेयरको कार्यक्रम फेरबदल गर्न सक्नु पर्नेछ ।

६) स्वीकृत आशय-पत्रमध्ये उपयुक्त ठहरिएका फर्म/कम्पनीलाई लागत मूल्यसहितको कोटेशन पेश गर्नको लागि पुन :राष्ट्रिय स्तरको पत्रिकामा सूचना आह्वान गरिनेछ ।

आशय-पत्रमा संलग्न हुनु पर्ने आवश्यक कागजपत्रहरुः

क) कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

ख) भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

ग) ब्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

घ) आ.व.०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

ङ) अनुभवको प्रमाणपत्र ( यदि कहि सफ्टवेयर संचालन भईरहेको भए) ।

च) अडिट रिपोर्ट ।

**सहारा नेपाल(साकोस) लि.**

**मुल कार्यालय, बिर्तामोड-२, चारपाने**

**फो.न. ०२३-५३३४०८, ५३११९८**


# बीबीसीले सार्वजनिक गरेको भिडियो डकुमेन्ट्री हटाउन निर्देशन

काठमाडौँ । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनबारे बीबीसीले सार्वजनिक गरेको भिडियो डकुमेन्ट्री हटाउन निर्वाचन आयोगले प्रेस काउन्सिललाई पत्राचार गरेको छ ।

बीबीसी वर्ल्ड सर्भिसले तयार गरेको वृत्तचित्र 'सट लाइक द इनिमिज : इन्साइड नेपाल्स जेनजी अपराइजिङ'मा जेन-जी आन्दोलनका दौरान तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङ्ले निहत्था प्रदर्शनकारीमाथि गोली चलाउने आदेश दिएको उल्लेख छ ।

आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बिहीबार काउन्सिललाई पत्र पठाइएको जानकारी दिए । उनले भने, 'हामीले तुरुन्त हटाउन निर्देशन दिएका छौं । नहटाएमा निर्वाचन कानुनअनुसार कारबाहीको प्रक्रिया अगाडि बढाउँछौं ।'




प्रेस काउन्सिलका अनुगमन अधिकृत महेन्द्र सिंहले निर्वाचन आयोगबाट बीबीसीको डकुमेन्ट्रीबारे पत्र आएको पुष्टि गरे । सार्वजनिक वृत्तचित्रमा प्रहरीको आन्तरिक दस्तावेज समावेश गरिएको छ । दस्तावेजमा कल साइन 'पिटर वान' ले प्रहरी अधिकृतहरुलाई कर्फ्यू लागेको १० मिनेटपछि 'आवश्यक बल प्रयोग गर्न' आदेश दिएको र १२: ३० बजे कर्फ्यू लागेको बिषय समेटिएको छ ।

'पिटर वान' नेपाल प्रहरीका तत्कालीन महानिरीक्षक चन्द्रकुवेर खापुङ्ले प्रयोग गर्दै आएको कल साइन रहेको स्रोतलाई उद्धृत गर्दै बीबीसीले जनाएको छ । 'खापुङ्ले गोली चलाउन आदेश दिएको अस्विकार गरेका छैनन् ।' नेपालका प्रमुख सुरक्षा बल मिलेर बनेको सुरक्षा कमिटीबाट यो आदेश आएको हो । कमिटीको निर्णयअघि आईजीपी खापुङ्ले यस्तो कुनै आदेश दिएका थिएनन्,' वृत्तचित्रमा नेपाल प्रहरीका प्रवक्तालाई उद्धृत गर्दै भनिएको छ ।

# सात महिनामा पौने २ खर्ब ऋण थपियो

काठमाडौँ । चालु आर्थिक वर्षको सात महिनामा करिब पौने २ खर्ब रुपैयाँ सार्वजनिक ऋण थपिएको छ । यो गत साउनदेखि माघसम्म थपिएको सार्वजनिक ऋण हो ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको माघ महिनाको प्रतिवेदनले नेपालमा सार्वजनिक ऋण २८ खर्ब ५८ अर्ब ९७ करोड रुपैयाँ पुगेको जनाएको छ । गत असारको सार्वजनिक ऋणको तुलनामा यो १ खर्ब ८४ अर्ब ९३ करोड रुपैयाँले बढी हो । गत असारमा तिर्न बाँकी सरकारी ऋण २६ खर्ब ७४ अर्ब ४ करोड रुपैयाँ रहेको थियो । माघसम्म सरकारले तिर्न बाँकी कुल सरकारी ऋण कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को ४६ दशमलव ८१ प्रतिशत बराबर हुन आउँछ । राष्ट्रिय तथ्यांक कार्यालयले चालु आर्थिक वर्षमा जीडीपी ६१ खर्ब ७ अर्ब रुपैयाँ पुग्ने प्रक्षेपण गरेको छ ।

कुल सार्वजनिक ऋणमा आन्तरिक ४७.१९ प्रतिशत अथवा १३ खर्ब ४९ अर्ब र वैदेशिक ५२.८१ प्रतिशत अथवा १५ खर्ब ९ अर्ब रुपैयाँ छ ।

गएको सात महिनामा सरकारले २ खर्ब ५५ अर्ब ४८ करोड रुपैयाँ ऋण संकलन गरेको छ । यो वार्षिक लक्ष्यको ४२.८९ प्रतिशत हो । जसमध्ये आन्तरिक ऋणको प्राप्ति ६०.१३ र वैदेशिक ऋणको १६.१८ प्रतिशत छ । यसरी संकलन गरिएको कुल सार्वजनिक ऋणमा आन्तरिक ऋण ८५.२० प्रतिशत र वैदेशिक १४.८० प्रतिशत छ । यसका आधारमा यस वर्ष तय भएको कुल ऋण संकलनको लक्ष्य प्राप्ति गर्न ३ खर्ब ४० अर्ब १७ करोड रुपैयाँ उठाउनुपर्छ । जसमा आन्तरिक ऋण १ खर्ब ४४ अर्ब ३३ करोड र वैदेशिक ऋण १ खर्ब ९५ अर्ब ८४ करोड रुपैयाँ छ ।

गत माघसम्म सरकारले ऋणको साँवा ब्याज भुक्तानीका लागि २ खर्ब ३ अर्ब ६५ करोड रुपैयाँ खर्च गरेको छ । यो वार्षिक लक्ष्यको ४९.५५ प्रतिशत हो । यस वर्ष सरकारले ऋणको साँवा ब्याज भुक्तानीका लागि ४ खर्ब ११ अर्ब १ करोड रुपैयाँ विनियोजन गरेको छ । गत माघसम्म सरकारले भुक्तानी गरेको कुल रकममध्ये १ खर्ब ६३ अर्ब ५२ करोड रुपैयाँ साँवा र बाँकी ४० अर्ब १३ करोड रुपैयाँ ब्याजका लागि खर्च भएको छ ।

# वेस्ट इन्डिजलाई हराउँदै दक्षिण अफ्रिका सेमिफाइनल नजिक

काठमाडौँ, फागुन १४ । दक्षिण अफ्रिका आइसिसी टी-२० विश्वकप क्रिकेटको सेमिफाइनल नजिक पुगेको छ ।

अहमदाबादस्थित नरेन्द्र मोदी स्टेडियम बिहीबार भएको खेलमा दक्षिण अफ्रिकाले वेस्ट इन्डिजलाई नौ विकेटले हरायो ।

दक्षिण अफ्रिका अपराजित रहँदै अन्तिम चार नजिक पुगेको हो । यसअघि समूह दुईबाट इङ्ल्यान्डले सेमिफाइनल यात्रा तय गरिसकेको छ ।




जितका लागि एक सय ७७ रनको लक्ष्य पछ्याएको दक्षिणले १६.१ ओभरमा एक विकेटको क्षतिमा लक्ष्य पूरा गरेको हो । दक्षिण अफ्रिकाका लागि कप्तान एडेन मार्क्रमले अविजित ८२ रनको अर्धशतकीय इनिङ्स खेले । उनले ४६ बलका सात चौका र चार छक्का हाने । यस्तै क्विन्टन डे ककले ४७, रायन रिकेल्टनले अविजित ४५ रन बनाए। बलिङमा वेस्ट इन्डिजका रोस्टन चेसले एक विकेट लिए ।

यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको वेस्ट इन्डिजले निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा एक सय ७६ रन बनाएको थियो ।

वेस्ट इन्डिजका लागि जेसन होल्डर र रोमारियो शेफर्डले सानदार साझेदारी गरेपनि टोलीको हार टरेन । दुवैले आठौं विकेटका लागि ८९ रनको महत्वपूर्ण साझेदारी गरेका थिए । शेफर्डले अविजित ५२ र होल्डरले ४९ रन बनाए । यस्तै ब्रेन्डन किङ्ले २१ र साई होपले १६ रन जोडे । बलिङमा दक्षिण अफ्रिकाका लुङ्गी एनगिडीले तीन तथा कागिसो रबाडा र कोर्बीन बोस्चले दुई- दुई विकेट लिए ।

सुपर आठमा दोस्रो जितसँगै चार अङ्क बनाएको दक्षिण अफ्रिका समूह एकको शीर्षस्थानमा छ । दोस्रो स्थानमा रहेको वेस्ट इन्डिजको दुई अङ्क छ । एक-एक खेल खेलेको भारत र जिम्बावेले खाता खोल्न सकेका छैनन् । भारत र जिम्बावे आफ्नो दोस्रो खेलमा भिड्नेछन् ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# कार्वाही गर

चुनावी रिपोर्टिङका क्रममा झापा आइपुगेका 'हाम्रोमत' का कार्यकारी सम्पादक पत्रकार अर्जुन आचार्यमाथि नेकपा (एमाले) का कार्यकर्ताहरूले भौतिक आक्रमण गरेका छन्। झापाको कमल गाउँपालिकास्थित जीवन चोकमा रिपोर्टिङ गरिरहेका आचार्यमाथि एमालेको 'भोलेन्टियर्स फोर्स' का सदस्यहरूले बिहीवार दिउँसो आक्रमण गरेका हुन्।
बा २५६१ नम्बरको स्कोरपियोमा चढेर आएका फोर्सका सदस्यहरूले आचार्यमाथि कुटपिट गरेको प्रत्यक्षदर्शीले बताएका छन्। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको घरदैलो र सचिवालयको टोलीलाई पछ्याउने क्रममा उक्त घटना भएको हो।

घरदैलो कार्यक्रम भइरहँदा स्थानीय महिलाहरूले राष्ट्रिय स्वतन्त्र पार्टीको चुनाव चिन्ह 'घण्टी' देखाएर साङ्केतिक विरोध जनाएका थिए। त्यसपछि आक्रोशित बनेका एमाले कार्यकर्ताहरूले ती महिलाहरूमाथि अश्लील शब्द प्रहार गर्दै दुर्व्यवहार गर्न थालेपछि पत्रकार आचार्यले सो दृश्यको फोटो र भिडियो खिच्न खोजेका थिए। दृश्य कैद गर्न खोज्दा आचार्यमाथि सामूहिक आक्रमण भएको हो।
आक्रमणकारीहरूले आचार्यको मोबाइल खोसेर लगेका छन् भने उनको चस्मा समेत फुटाइदिएका छन्। आक्रमणबाट आचार्यको आँखा, गाला र ढाडमा चोट लागेको छ। घटनास्थलमा रहेका अन्य पत्रकारहरूले उनलाई उद्धार गरी सुरक्षित स्थानतर्फ लगेका थिए।

आक्रमणपछि पनि एमाले कार्यकर्ताहरूले पत्रकारको टोलीलाई 'दमकमा देखाइदिने' भन्दै धम्की दिएको पत्रकार रोहित दाहालले जानकारी दिए। चुनावी रिपोर्टिङमा रहेका पत्रकारमाथि भएको यस आक्रमणको चौतर्फी विरोध भइरहेको छ। इस घटनाको विरोधमा विभिन्न पत्रकारजन्य संगठनहरुले प्रेस विज्ञप्ति जारी गरी दोषीमाथि कार्वाहीको माग गरेका छन् । यतिबेला एमाले तिलमिलाएको छ । खासगरी झापा ५ मा एमाले अध्यक्ष केपी ओली हार्ने संकेत देखेर अतालिएको हो । मतदान भनेको कसैको करकापमा हुँदैन । आफ्नो अमूल्य मत उनीहरुले इच्छाएको उम्मेदवारलाई दिन पाउँछन् । मतदाताहरुले आफ्नो इच्छा खुलेआम व्यक्त गर्न सक्छन् । यसो भनिरहँदा आक्रोशित भएर रिस पत्रकारमाथि पोख्नु सरासर गलत छ । यस्तो गुण्डगर्दी गर्ने 'भोलेन्टियर्स फोर्स'का जो कोही भएपनि प्रहरी प्रशासनले कार्वाही गरोस् ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# चुनावी अभ्यास : अवसरसँगै चुनौती



• ध्रुवहरि अधिकारी

विश्व-व्यवस्था ८० वर्षपछि कोल्टे फेर्ने चरणमा पुगेको देखिँदै छ । कतै मानचित्रसँग गाँसिएका प्रश्न छन् त कतै स्वस्फूर्त परिवर्तनको पक्षमा जनआकांक्षा प्रकट भइरहेका छन् । कसैका लागि चुनौती छ त कोही अवसरको प्रतीक्षामा होलान् ।
नेपालजस्तै भूपरिवेष्टित एसियाली देश लाओसमा यसै साताको आरम्भमा निर्वाचन सकियो । यसअघि थाइल्याण्ड, म्यानमार, जापान र बंगलादेशमा चुनावी अभ्यास भएका थिए । अब नेपालमा तय भएको चुनावी मिति २१ फागुन (५ मार्च) को दश दिनपछि कजाखस्तानमा संविधान परिमार्जनको प्रश्नउपर जनमतसंग्रह हुने भएको छ । त्यसो त बंगलादेश र थाइल्याण्डको निर्वाचनलाई पनि यस्तै प्रयोजनका लागि जनमतसंग्रहसँग जोडिएको थियो र तदनुरूपका उपाय अवलम्बन गरिँदै छन् । जापानमा भएको चुनावले प्रथम महिला प्रधानमन्त्री सानेई ताकाइचीको दल एलडीपीले प्रतिनिधि सभामा अत्यधिक बहुमत पाएको हुनाले संविधान संशोधनका लागि जनमतसंग्रह गराउने ढोका खुलेको छ । प्रक्रिया पूरा भएपछि हालसम्म 'आत्मरक्षा बल' (सेल्फ-डिफेन्स फोर्स) को नामबाट चिनिँदै आएको जापानी सेना विधिवत् संवैधानिक अंगको रूपमा स्थापित हुनेछ र यसलाई सीमा-सुरक्षाको काममा तैनाथ गर्न सकिने छ । एकै भौगोलिक क्षेत्रमा अर्थात् पूर्वी एसियामा पर्ने मुलुक हुन् जापान र चीन तर यी दुई देशको सम्बन्ध सुमधुर छैन । किन होला ? यस लेखमा त्यसैलाई संक्षेपमा केलाउने प्रयास गरिएको छ ।

### अठोटको आधार

जग-जाहेर छ, जापानको संविधान दोस्रो विश्वयुद्ध (सन् १९३९-४५) को अन्त्यसँगै अमेरिकी चाँजोपाँजोमा तर्जुमा गरिएको थियो, जसको धारा ९ ले जापानको सैनिक बललाई यतिञ्जेल कतै लडाञीका लागि परिचालन गर्न नपाउने गरी रोक लगाउँदै आएको छ । अर्को शब्दमा, अब यो अवरोध हटेपछि जापानको सेना पनि प्रतिरक्षाका लागि सशस्त्र संघर्षमा उत्रिन सक्नेछ । यसले अमेरिकी सहयोगको प्रतीक्षा गरेर बस्नुपर्ने अवस्था रहने छैन । यस्तो लचकताले कतै एसियाको यस भेगमा पनि तनाउ चर्काउने त होइन भन्ने आशंका उत्पन्न हुन्छ ।

हो, पश्चिम एसिया (मध्यपूर्व) मा प्यालेष्टाइन-इजरायल बीचको तनाउ केही शिथिल भएको छ तर यसले युद्धविरामलाई स्थायी गराउला भनेर ढुक्क हुने परिस्थिति छैन । यी हरफ लेख्दा इरान सम्भाव्य अमेरिकी आक्रमणको जोखिमबाट जोगिने उपायको खोजीमा रहेको अवस्था छ । यता, युरोपमा युक्रेन-रुस युद्ध चलेको यो साता चार वर्ष पूरा भयो तर छिटै रोकिने वा मत्थर हुने छेकछन्द देखिँदैन । विश्वशान्ति खल्बलिने कुरा अमेरिकी सरकारका नीति र प्राथमिकतामा निर्भर रहने देखिएकोले बेलायत, फ्रान्स र जर्मनी लगायतका युरोपेली मुलुक सुरक्षाबारे नयाँ कार्ययोजनाको खाका खिच्न लागेका छन् ।

क्यानडा र अष्ट्रेलिया पनि आ-आफ्ना राष्ट्रियहितका लागि विद्यमान नीतिहरूमा पुनर्विचार गर्न लागेका छन् । अमेरिकाको साटो चीनसँग व्यापार सम्बन्ध बढाउन युरोपेली नेताहरू कस्सिएर लागेका छन् । जर्मनीका चान्सलर (प्रधानमन्त्री) फ्रेडरिख मर्जको चीन-भ्रमणलाई यसै परिप्रेक्ष्यमा हेर्न सकिन्छ ।

एसिया महादेशमा चीन, भारत, जापान र इण्डोनेसिया जस्ता प्रभावशाली देशहरू अवस्थित छन् । यिनमा पनि जापानबाहेक अन्य तीन उल्लेख्य जनसंख्या भएका मुलुक मानिन्छन् । चीन र भारत दुवैको आर्थिक र सामरिक शक्ति उदाहरणीय स्तरका छन्, यस्तो पृष्ठभूमिमा जापान पनि उस्तै तहको सामरिक परिवेशमा हुर्किन इच्छुक देखिएको छ, जसले चीनलाई किञ्चित झस्काएको संकेत हालैका महिनामा चीनकै प्रेसमा आएका विवरणहरूले दिएका छन् । अमेरिकाको प्रतिस्पर्धामा रहेको चीनलाई जापानमा विकसित घटनाक्रमले सीधा असर पार्ने सम्भावना छैन, किनभने आजको चीन सन् १९४९ मा माओले स्थापना गरेको 'जनवादी गणतन्त्र चीन' मात्र रहेन । जे प्रत्यक्ष छ, त्यसलाई के प्रमाण चाहियो र ?

### स्वाभाविक चासो

जे होस्, परिवर्तित परिवेशमा चीनले आफ्नो वरपरका गतिविधिमा एक तहको चासो राख्नु र प्रतिक्रिया जनाउनु अस्वाभाविक मान्न मिल्दैन । ताइवानलाई एकीकरण गर्ने चीनको लक्ष्यमा कुनै प्रकारको अवरोध नआओस् भन्ने बेइजिङको सोचलाई सहजै बुझ्न सकिन्छ । हङकङ र मकाओको व्यवस्थापनबारे पनि चीन उत्तिकै सजग छ । त्यसैले 'एक-चीन' को सिद्धान्त मान्न सहमत भैसकेका संयुक्त राज्य अमेरिका समेत कुनै पनि देशले त्यसमा तल-माथि नगरुन् भन्ने बेइजिङको अपेक्षा होला ।

जापान र चीन माझको वैमनस्य दोस्रो विश्वयुद्धभन्दा अघिका लडाञीका कारणले भएको हो । अर्को कोणबाट हेर्दा त्यो वैरभावको युग सन् १९४९ मा आधुनिक चीन उदय हुनुअघिको हो । त्यसै हुनाले दुवै पक्ष आपसमा सहमत भएर सन् १९७२ को नोभेम्बरमा द्विपक्षीय सम्बन्धलाई 'सामान्य' गराइएको थियो । जापानका प्रधानमन्त्री काकुई तानाका र चीनका प्रधानमन्त्री चाओ एनलाई बीच तय भएको सहमति संयुक्त वक्तव्य मार्फत जारी भएपश्चात् आपसी सम्बन्ध नयाँ चरणमा प्रवेश गरेको तथ्य अभिलेखमा पाइन्छ । परन्तु पुराना युद्धका घाउ हत्पति पुरिन सक्दैनन् । भएको यही हो ।

चिनियाँ पक्षले जापानी साम्राज्यको तर्फबाट गरिएका हमला र त्यस क्रममा भएको जनधनको क्षति अपूरणीय थियो भन्दै आएको छ । खास गरेर सन् १९३७ को १३ डिसेम्बर १९३७ पछिका छ सातामा जापानी सेनाले 'नानजिङ काण्ड' को बेला गरेको हत्या, लूट, बलात्कार समेतको अत्याचारप्रति जापानले गरेको क्षमायाचना अपर्याप्त छ भन्ने चिनियाँ जिकिर छ । भनिन्छ, त्यस बखत एकलाखभन्दा बढी मानिस मारिएका थिए । त्यस बखतको आक्रमणमा युद्ध-अपराध गराउने कमाण्डर मात्सुई र उसको सहयोगी जर्नेललाई एक ट्राइब्युनलले दोषी ठहऱ्याई उसै बखत (दोस्रो विश्वयुद्धपछि) प्राणदण्ड दिइसकेको हो र विश्वयुद्धपछिका जापान सरकारहरूको तर्फबाट नेताहरूले विगतका घटनाप्रति पटक-पटक पश्चाताप पनि गर्दै आएका छन् ।

यसै सन्दर्भमा चिनियाँ पक्षको अर्को शिकायत छ - 'जापानका सत्तासीन नेताहरू राजधानी टोकियोमा रहेको शिन्तो पवित्रस्थल 'यासुकुनी' मा गएर देशका लागि प्राण आहुति गर्ने वीरहरूप्रति सम्मान अर्पण गर्ने क्रममा चीनविरुद्ध युद्धअपराधमा सामेल भएकाहरूलाई समेत त्यही मान्यता दिने गर्छन्, यो काइदा ठीक भएन ।' जापान यसलाई उसको आन्तरिक मामिला ठान्दछ । इतिहाससँग सरोकार भएका गुनासा यी भए । केही विवाद भूगोलसँग सम्बन्धित छन् । ओकिनावा प्रान्त नजिकै पूर्वी चीन सागरमा अवस्थित सेन्काकु द्वीपसमूह (स्थायी मानव बसोबास नभएको) जापान प्रशासित क्षेत्र हो तर यसमाथि चीनले पनि दाबी गर्दैआएको छ । चिनियाँ पक्षले यसलाई 'दियाओयु' भन्ने गर्दछ ।

### ऐतिहासिक पाटो

स्मरणीय छ, प्रशान्त क्षेत्रमा दोस्रो विश्वयुद्धको समाप्ति जापानका हिरोशिमा र नागासाकी नगरमाथि अमेरिकी अणुबम प्रहारपछि भएको हो । युरोपमा लडाञीको अन्त्य केही महिना पहिले नै जर्मनीले आत्मसमर्पण गरेपश्चात् भएको थियो । प्रशान्त तर्फको लडाञी चाहिँ जापानले पराजय स्वीकार गर्दै कागजपत्र मार्फत विधिवत् अन्त्य गरिएको दिन थियो २ सेप्टेम्बर १९४५ । त्यसै घटनाको सम्झनामा बेइजिङले गएको ३ सेप्टेम्बर (१८ भदौ) मा ठूलो परेडको आयोजना गरेको थियो, जसमा नेपालका तत्कालीन प्रधानमन्त्री पनि सम्मिलित भएका थिए ।

चिनियाँ पक्षले विगतको जापानी आक्रमणको प्रतिरोधमा चीन जागेको सन्दर्भ पनि त्यसैमा गाँसेको थियो । यसबाट जापानप्रतिको चीनको तिक्तता अहिलेसम्म मेटिएको रहेनछ भन्ने प्रष्ट हुन्छ । गएको साताको प्रसंग हो, संयुक्त राष्ट्रसंघमा चीनका राजदूत फु कोङ्ले जापान सुरक्षा परिषद्मा स्थायी सदस्य हुन योग्य देश होइन भनेर टिप्पणी गरेका थिए, जसको चर्चा 'ग्लोबल टाइम्स' पत्रिकाले छापेको छ ।

### हिन्द-प्रशान्त अन्तर्य

अब वर्तमान स्थितिलाई नियालौं । संयुक्त राज्य अमेरिका र जापान सन्धिबद्ध मुलुक हुन्, एकअर्काको सुरक्षामा प्रतिबद्ध छन् । जापानमा अमेरिकी सेनाको बलियो उपस्थिति छ- सैनिक अखाडाहरू छन् । हालैको निर्वाचनपछि बलियो जनाधार बनाएकी प्रधानमन्त्री ताकाइची केही साताभित्रैमा वाशिङटन जाँदैछिन् । अनि जापानको प्रतिरक्षा खर्च पनि बढ्ने क्रममा छ । ताइवान एकीकरणमा दत्तचित्त चीनले यी नयाँ घटना-विकासको अन्तर्य नबुझ्ने कुरै भएन । जापान 'क्वाड' नामक चारदेशको सुरक्षा समूहको पनि सदस्य छ, जसमा अमेरिका, भारत र अष्ट्रेलिया सम्मिलित छन् ।


आउँदो मार्च महिनाको आखिरी दिन राष्ट्रपति ट्रम्प बेइजिङ आउँदा द्विपक्षीय वार्तामा कुन स्तरको अडान कायम गर्ने त्यसको निरूपणमा राष्ट्रपति सी चिनफिङका सहयोगीहरू लागिसकेका होलान् । तिनलाई अमेरिकी सेनाका हिन्द-प्रशान्त (इण्डो-प्यासिफिक) कमाण्डर स्यामुएल पापारो एसियाका विभिन्न देशको भ्रमण गर्दै नेपालसम्म आइपुगेको जानकारी पनि अवश्य होला ।

स्पष्टै छ, ट्रम्पका कतिपय दृष्टिकोण सुसंगत र स्थिर देखिन्नन् तापनि उनको सरकारका गुप्तचर तथा अन्य संयन्त्रका रणनीतिकार हरूले ताइवान मात्र होइन, व्यापार समेतका मामिलामा उनले जानकार राख्ने प्रयत्न पक्कै पनि गर्लान् । यस कुराको पूर्वानुमान गर्ने आधार भर्खरै परराष्ट्रमन्त्री मार्को रुबियोले दिएका छन् । गत सोमवार (२३ फेब्रुअरी) परेको जापानी सम्राट नारुहितोको जन्मोत्सवको अवसरमा जापानप्रति शुभेच्छा जनाउने वक्तव्यमा दुई देशका नेताले मिलेर 'स्वर्णयुग' ल्याउने आशा रुबियोले प्रकट गरेका छन् । उनको थप भनाइ छ - हाम्रो गठबन्धन 'असाधारण' प्रकृतिको छ र यो जुनसुकै चुनौतीको सामना गर्न तयार छ ।

### अन्त्यमा

माओपछिका सबैभन्दा शक्तिशाली चिनियाँ नेता ठानिएका नेता हुन् सी चिनफिङ । सन् २०१२ मा चीनको नेतृत्व गर्न थालेका सी ताइवानलाई विधिवत् चीनको अंग बनाउन प्रयत्नशील देखिन्छन्, र यसो गर्न सकेमा उनले माओको सपना साकार गरेको ठहरिने छ । यो काम कहिलेसम्म होला त ? पश्चिमा विश्लेषकहरूले सन् २०२७ को समय-सीमा तोकेका छन् किनभने यो जनमुक्ति सेना गठन भएको शतवार्षिकी हो । चिनियाँ नेतृत्व त्यतिसारो हतारमा देखिँदैन । बरु सन् २०४९ सम्ममा निर्धारित लक्ष्य हासिल हुनेमा बेइजिङ विश्वस्त देखिन्छ । गोपबाट

# सार्वजनिक शिक्षा संकटमा : बढ्दो बजेट, घट्दो भरोसा



• चिन्तामणि रिजाल

चालू आर्थिक वर्ष २०८२/८३ मा १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको कुल राष्ट्रिय बजेटमध्ये शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रमा २ खर्ब ११ अर्ब १६ करोड ६९ लाख रुपैयाँ विनियोजन गरिएको छ, जुन कुल बजेटको १०.७५ प्रतिशत हो ।
अङ्कका हिसाबले यो रकम ठूलो देखिन्छ । तर मूल प्रश्न के हो भने यस बजेटले सार्वजनिक शिक्षाको गुणस्तर, पहुँच र सामाजिक भरोसामा कस्तो प्रभाव पारेको छ ? विडम्बना के छ भने शिक्षा बजेट बर्सेनि बढ्दै गएको छ, तर सार्वजनिक विद्यालयप्रतिको भरोसा निरन्तर खस्कँदै गएको छ । यही विरोधाभास आज नेपालको सार्वजनिक शिक्षा बहसको मूल केन्द्र बनेको छ ।
विद्यालय शिक्षामा खर्च हुने बजेटको ठूलो हिस्सा स्थानीय तहबाट कार्यान्वयन हुने संरचनाअनुसार शिक्षा बजेटको ६८.९९ प्रतिशत स्थानीय तहमा, २.३३ प्रतिशत प्रदेश तहमा र बाँकी २८.६८ प्रतिशत सङ्घीय तहमा विनियोजन गरिएको छ । सङ्घीयताको मर्मअनुसार यो संरचना सिद्धान्तमा उचित देखिए पनि व्यवहारमा अपेक्षाअनुरूप प्रभाव परेको छैन ।
स्थानीय तहमा हस्तान्तरण भएको रकमको अवस्था हेर्दा शिक्षा क्षेत्रको वास्तविक चुनौती प्रस्ट हुन्छ । स्थानीय तहका लागि विनियोजन गरिएको जम्मा एक खर्ब ४५ अर्ब ६७ करोड ८८ लाख रुपैयाँमध्ये एक खर्ब १४ अर्ब ६६ करोड १० लाख ७४ हजार रुपैयाँ शिक्षक तथा कर्मचारीको तलब-भत्तामा खर्च हुन्छ, जुन स्थानीय तहको कुल शिक्षा बजेटको ७८.७१ प्रतिशत हो ।
चालू आर्थिक वर्ष २०८२/८३ मा १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको कुल राष्ट्रिय बजेटमध्ये शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रमा २ खर्ब ११ अर्ब १६ करोड ६९ लाख रुपैयाँ विनियोजन गरिएको छ, जुन कुल बजेटको १०.७५ प्रतिशत हो ।
अङ्कका हिसाबले यो रकम ठूलो देखिन्छ । तर मूल प्रश्न के हो भने यस बजेटले सार्वजनिक शिक्षाको गुणस्तर, पहुँच र सामाजिक भरोसामा कस्तो प्रभाव पारेको छ ? विडम्बना के छ भने शिक्षा बजेट बर्सेनि बढ्दै गएको छ, तर सार्वजनिक विद्यालयप्रतिको भरोसा निरन्तर खस्कँदै गएको छ । यही विरोधाभास आज नेपालको सार्वजनिक शिक्षा बहसको मूल केन्द्र बनेको छ ।
विद्यालय शिक्षामा खर्च हुने बजेटको ठूलो हिस्सा स्थानीय तहबाट कार्यान्वयन हुने संरचनाअनुसार शिक्षा बजेटको ६८.९९ प्रतिशत स्थानीय तहमा, २.३३ प्रतिशत प्रदेश तहमा र बाँकी २८.६८ प्रतिशत सङ्घीय तहमा विनियोजन गरिएको छ । सङ्घीयताको मर्मअनुसार यो संरचना सिद्धान्तमा उचित देखिए पनि व्यवहारमा अपेक्षाअनुरूप प्रभाव परेको छैन ।
स्थानीय तहमा हस्तान्तरण भएको रकमको अवस्था हेर्दा शिक्षा क्षेत्रको वास्तविक चुनौती प्रस्ट हुन्छ । स्थानीय तहका लागि विनियोजन गरिएको जम्मा एक खर्ब ४५ अर्ब ६७ करोड ८८ लाख रुपैयाँमध्ये एक खर्ब १४ अर्ब ६६ करोड १० लाख ७४ हजार रुपैयाँ शिक्षक तथा कर्मचारीको तलब-भत्तामा खर्च हुन्छ, जुन स्थानीय तहको कुल शिक्षा बजेटको ७८.७१ प्रतिशत हो ।यसमा दिवा खाजा, पाठ्यपुस्तक, छात्रवृत्ति, सञ्चालन खर्च, निःशुल्क स्यानिटरी प्याड र द्वन्द्वपीडित परिवार शिक्षा कार्यक्रमजस्ता अनिवार्य दायित्व थपिँदा स्थानीय तहको झन्डै ९२ प्रतिशत बजेट बाध्यात्मक खर्चमै सीमित हुन्छ । परिणामतः भौतिक पूर्वाधार सुधार, सिकाइ प्रविधि विस्तार, शिक्षक पेसागत विकास र गुणस्तर सुधारका लागि प्रयोग गर्न सकिने बजेट केवल ८ प्रतिशत बाँकी रहन्छ । यस्तो संरचनाले सार्वजनिक शिक्षामा गुणात्मक सुधारको अपेक्षा कठिन बनाउँछ ।
नेपालको सार्वजनिक शिक्षा प्रणाली केवल विद्यालय र पाठ्यपुस्तकको विषय होइन । यो राज्यको प्रतिबद्धता, सामाजिक न्याय र भविष्य निर्माणसँग गाँसिएको आधारभूत प्रश्न हो । संविधानले शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ र 'सबैका लागि गुणस्तरीय शिक्षा' सरकारी नीतिको स्थायी नारा बनेको छ ।
तर यिनै घोषणाबीच सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास कमजोर हुँदै गएको यथार्थ लुकाउन सकिँदैन । विद्यार्थी सङ्ख्या घट्दै गएको छ, कतिपय विद्यालय अस्तित्वकै सङ्घर्षमा छन् र निजी विद्यालयको तीव्र विस्तारले सार्वजनिक शिक्षाको सामाजिक छविलाई कमजोर बनाएको छ । यसले शिक्षा प्रणालीलाई वर्गीय रूपमा विभाजित गर्दै सामाजिक असमानता बढाउने खतरा सिर्जना गरेको छ ।

यसको अर्थ सार्वजनिक शिक्षामा उपलब्धि छैन भन्ने होइन । पछिल्ला दशकमा विद्यालय पहुँच उल्लेखनीय रूपमा विस्तार भएको छ । आधारभूत तहमा भर्ना दर बढेको छ र बालिका शिक्षामा सुधार सकारात्मक सङ्केत हो । दलित, जनजाति, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि लक्षित छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक वितरण, दिवा खाजा कार्यक्रम र दुर्गम क्षेत्रमा विद्यालय स्थापना जस्ता पहल राज्यका महत्त्वपूर्ण उपलब्धि हुन् । यी कार्यक्रमले विद्यालय भर्ना र निरन्तरतामा योगदान पुऱ्याएका छन् ।

तर पहुँच विस्तारले गुणस्तरको प्रश्नलाई ओझेलमा पारेको छ । अझै पनि ठूलो सङ्ख्यामा बालबालिका विद्यालयको पहुँचबाहिर छन् । कतै विद्यालयमा विद्यार्थी सङ्ख्या अत्यन्त न्यून छ भने कतै एकै कक्षामा अत्यधिक चाप छ । शिक्षक व्यवस्थापन असन्तुलित छ– कतै शिक्षक अभाव छ, कतै आवश्यकताभन्दा बढी शिक्षक कार्यरत छन् ।

दैनिक रूपमा विद्यालय सञ्चालनका लागि आवश्यक न्यूनतम खर्च पर्याप्त नपाउँदा धेरै सामुदायिक विद्यालय कठिन परिस्थितिमा छन् । भौतिक पूर्वाधार कमजोर छ; प्रयोगशाला, पुस्तकालय, खेलमैदान र सूचना प्रविधिमा पहुँच सीमित छ । कक्षाकोठामा सिकाइ उपलब्धि अपेक्षित स्तरमा नपुग्नु सार्वजनिक शिक्षाको दीर्घकालीन समस्या बनेको छ ।माध्यमिक तहका परीक्षाफलले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरप्रति उठेका प्रश्नलाई थप गहिरो बनाएको छ । यसै कारणले अभिभावक आफ्ना सन्तानलाई निजी विद्यालयतर्फ पठाउन बाध्य छन् । यसले शिक्षा प्रणालीमा आर्थिक हैसियतका आधारमा अवसर विभाजन गर्ने अवस्था सिर्जना गरेको छ, जुन सामाजिक न्यायको दृष्टिले गम्भीर चुनौती हो ।

सार्वजनिक शिक्षा कमजोर देखिनुका कारण बहुआयामिक छन् । शिक्षा नीति बारम्बार परिवर्तन हुन्छ, तर दीर्घकालीन दृष्टि र निरन्तरता देखिँदैन । सङ्घीय शासन प्रणालीपछि शिक्षा व्यवस्थापनको अधिकार बाँडिए पनि स्पष्ट कार्यविभाजन र प्रभावकारी समन्वयको अभाव छ । नीति निर्माण र कार्यान्वयनबीचको दूरीले विद्यालय प्रशासन, शिक्षक व्यवस्थापन र गुणस्तरमा नकारात्मक असर पारेको छ ।
शिक्षक व्यवस्थापनमा राजनीतिक हस्तक्षेप अर्को गम्भीर समस्या हो । शिक्षक नियुक्ति, सरुवा र बढुवामा योग्यता र कार्यसम्पादनभन्दा पहुँच हावी हुँदा शिक्षण पेसाको गरिमा कमजोर भएको छ । शिक्षक तालिम कार्यक्रम धेरैजसो औपचारिकतामा सीमित छन्, जसको प्रभाव कक्षाकोठाको सिकाइमा देखिँदैन । शिक्षकलाई परिवर्तनको संवाहक होइन, केवल कर्मचारीका रूपमा हेर्ने प्रवृत्तिले सार्वजनिक शिक्षाको आधार कमजोर बनाएको छ ।
अझ गम्भीर पक्ष के हो भने शिक्षकहरूको मनोबल घट्दै गएको छ । बढुवा, सरुवा र तालिममा पारदर्शिता नभएकाले अनुभवी शिक्षकहरू पेसाबाट टाढा भएका छन् । कतिपय विद्यालयमा शिक्षक अभावका कारण एकै शिक्षकले दुई-तीन कक्षा पढाउने बाध्यता छ, जसले विद्यार्थीको सिकाइ गुणस्तरमा प्रत्यक्ष असर गर्छ ।
यसैबीच सार्वजनिक विद्यालयप्रतिको सामाजिक धारणा पनि खस्कँदै गएको छ । धेरै अभिभावक सार्वजनिक विद्यालयलाई अन्तिम विकल्पका रूपमा हेर्न थालेका

# कृषि क्षेत्रमा दलका बाचा आश्वासनमै सीमित

काठमाडौं । प्रतिनिधिसभाको निर्वाचन आउन अब एक हप्ता मात्र बाँकी छ। चुनावी प्रचारप्रसारमा व्यस्त उम्मेदवार घरदेखि खेतबारीसम्मै पुगेर मतदातालाई फकाइरहेका छन्।

कोही उखु बोकेर त कोही भारी बोकेर किसानको मुद्दा सम्बोधन गर्ने आश्वासन बाँडिरहेका छन्। मुलुकको आर्थिक मेरुदण्डका रूपमा रहेको कृषि क्षेत्रको विकास गर्ने अनेक बुँदागत कागजी बाचा गरिसकेका दलका उम्मेदवारहरू यसपटक पनि धेरै पुराना, केही नयाँ एजेण्डा लिएर मतदातालाई मनाउने प्रयास गरिरहेका छन्।

यसअघिका चुनावमा दलले गरेर पूरा गर्न नसकेका कैयौँ बाचा उम्मेदवारलाई हेक्का नभए पनि किसानले बिर्सेका छैनन्। समयमा पैसा नपाएर दूध उत्पादक किसान, अनुदानको लागि विरोध गर्न बाध्य उखु किसानदेखि पर्याप्त र सहजै मल, गुणस्तरीय बिउ र सिँचाइ अभाव भ्केलेका किसान बढ्दो जलवायु परिवर्तनको असर भोगिरहेका छन्।

यसका बाबजुद आफूले फलाएका अन्नबाली, फलफूल तथा तरकारी लगायतका उत्पादनले उचित मूल्य र बजार नपाएर उनीहरू हैरान छन्।

बजारको सुनिश्चिता नहुनु, लागत मूल्य समेत नपाउने जस्ता धेरै समस्याबाट गुज्रिरहेका कृषि उद्यमदेखि तथा पशुपन्छीपालन गरी जीविकोपार्जन गर्न प्रयासरत किसान प्रोत्साहित हुनुको साटो निराश भएर यो पेशाबाट नै पलायन भइरहेका छन्।

कृषि क्षेत्रमा देखिएका विकासका बाधा हटाएर देशलाई परनिर्भरताबाट आत्मनिर्भरतर्फ उन्मुख गराउनेदेखि निर्यातमुखी विकासे नारा कागजमै मात्र सुन्दर देखिन्छन्। वैदेशिक रोजगारबाट फर्केका, यहीँ कर्म गरी परिवार पाल्छु भनेर आँट गरेका किसान पनि बैंकको ऋण तिर्न नसकेर, लगानी डुबेर पलायन हुनुपर्ने अवस्था छ।

आत्मनिर्भर बन्ने लयमा पुगिसकेको पोल्ट्री व्यवसाय धराशायी हुँदा कुखुरा पालक कैयौँ किसानले यो पेशाबाटै हात धुनुपरेको छ।

आयातित कैयौँ विदेशी उत्पादनले बजार प्रभावित हुँदा किसानले उत्पादन गरेका केरादेखि तरकारी बारीमै कुहिएर खेर जान्छन्। जसोतसो खेतबारीबाट उठे पनि विचौलिया हाबी हुने, लागत मूल्य पाउन समेत हम्मेहम्मे पर्छ।

सरकार धानमा आत्मनिर्भर बन्ने लक्ष्य राख्छ, चैते धानको प्रवर्धन भन्छ तर किसानले चैते धान नबिकेर मार खेप्नुपरेको छ।

रोप्ने बेला समयमा पानी नपर्ने, भित्र्याउने बेला वेमौसमी पानीले भिजाएर धानबाली नष्ट हुँदा यसपटक पनि बर्खे धानको उत्पादन नै प्रभावित हुन पुग्यो।

यस्ता कैयौँ समस्याले जकडिएको कृषि प्रधान देश नेपालको कृषि क्षेत्रलाई उकास्न सरकारले नै उचित नीति, कार्यक्रमसँगै आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने अवस्था छ।

तर मौसमी बहस धेरै हुने, प्रभावकारी कार्यान्वयनको कमीले कृषि उत्पादन र उत्पादकत्व अपेक्षित ढँगले बढ्न सकेको छैन भने किसानको हकहित पनि काममा भन्दा धेरै कागजमै सीमित हुने गरेका छन्।

जब जब चुनाव आउँछ, किसानलाई आशा छर्नेहरूको लाइन लाग्छ। सरकार बन्छ कृषि क्षेत्रलाई उकास्ने घोषणा सुनिन्छ। नीति तथा कार्यक्रममा पनि लोकलाई रिझाउने धेरै योजना, परियोजना आउँछन्। तर बजेट आइपुग्दा सम्म कृषिका धेरै बुँदाहरु नै हराइसक्छ।

बजेट छुट्याउँदा नै कृषिका लागि निकै कम बजेट छुट्याइन्छ, त्यसमा पनि आधाजसो बजेट मल खरिदमै जान्छ अनि सरकारी नीति तथा कार्यक्रमले निर्धारण गरेका कार्यक्रमहरूका पनि प्रभावकारी कार्यान्वयनको अभाव देखिन्छ।

यस्ता धेरै समस्याले ग्रस्त कृषि क्षेत्र र संलग्न किसानहरूलाई यतिवेला फेरि मीठामीठा आशा र अपेक्षा देखाइएको छ। चुनावी सरगर्मीका बिच उम्मेदवारहरू मतदाताको घरदैलोमा पुगिरहेका छन्।

हुन त, दल र दलका उम्मेदवारहरूले सबैका सबै समस्या समाधान गरिदिन्छौँ भनेजस्तै प्रचारबाजी गरेका यो पहिलो चुनाव होइन। कृषि र किसानको मुद्दाले यसअघिका



चुनावलक्षित घोषणापत्रमा पनि स्थान पाएका थिए।

तर यहाँ चुनावी एजेण्डा बनाउने भन्दा पनि दल र तिनले नेतृत्व गरेका, सहभागी भएका सरकारहरुले मतदाता तान्न लेखेका बुँदागत बाचाहरू कति कार्यन्वयन भए भन्ने मुख्य प्रश्न हो।

**२०७९ निर्वाचन : कृषि क्षेत्र उकास्न दलका बाचा**

यसअघि भएको २०७९ को निर्वाचनमा दलहरुका घोषणापत्रमा कृषि क्षेत्रका समस्या सम्बोधन गर्ने कम बाचाहरू थिएनन्।

नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी-जसपाका घोषणापत्रमा धान चामलमा आत्मनिर्भर बन्नेदेखि, स्वदेशमै रासायनिक मल कारखाना स्थापनासम्मका बाचा गरिएको थियो।

२०७९ को निर्वाचनमा किसानलाई लोभ्याएका दलहरुले सरकारको नेतृत्व लिने, सरकारमा सहभागी हुने अवसर नपाएका होइनन्, तर उनीहरूले गरेका चुनावी बाचाअनुसार कृषिका समस्यालाई प्राथमिकता दिन नसकेका कृषिविज्ञ, किसान प्रतिनीधि लगायत सरोकारवाहरुले टिप्पणी गर्दै आएका छन्।

कृषि प्रधान देशमै कृषिका कैयौँ मुद्दा अलपत्र छन्, मल, बिउ, सिँचाइ, कृषि औजारको अभाव, बढ्दो जलवायु परिवर्तनको असर लगायतका कारण किसानका समस्या उस्तै छन्।

चर्चा गर्न थालिएको दशक बितिसक्दा पनि मल कारखानाको विषयले २०७९ मा पनि राम्रै चर्चा पायो तर सम्भाव्यता अध्ययनमै अल्झिएको मल कारखाना कामको भन्दा बहसको प्राथमिकतामा परेको देखिन्छ।

**कांग्रेसको पाँच वर्षे लक्ष्य : उत्पादकत्व वृद्धि, मल कारखाना**

आम निर्वाचनमा कांग्रेसले खाद्य सुरक्षा सूचकांकमा प्रगति गर्ने, खाद्यान्न उत्पादकत्व वृद्धि, कृषि मल कारखाना स्थापना गर्ने लक्ष्य लिएको थियो।

यस्तैगरी तरकारी, फलफूल, माछा, मासु, दूध, मसला एवं औद्योगिक बालीमा आत्मनिर्भर, नगदे बाली र जुडीबुटीको निर्यात दोब्बर पार्ने भनिएको थियो।

फोहोरबाट प्रागांरिक मल उत्पादन गर्न अविलम्व पहल गर्ने बताएको कांग्रेसले कृषकले प्रत्येक वर्ष भोग्नु परिरहेको रासायनिक मलको समस्या समाधान गर्न निजी क्षेत्र समेतको सहभागितामा आन्तरिक उत्पादन लगायत दीर्घकालीन उपाय खोज्ने बाचा गरेको थियो।

उखु तथा अन्य किसानले आफ्नो कृषि सामाग्रीको मूल्य प्राप्त गर्न राजधानी आई आन्दोलन गर्नुपर्ने अवस्थाको अन्त्य गर्न अविलम्ब आवश्यक नीतिगत निर्णय गर्ने बताएको कांग्रेसले सरकारको नेतृत्व गर्दा पनि किसानका समस्या उस्तै रहे।

तर अहिलेसम्म न मल कारखाना बन्न सकेको छ न नेपाल खाद्य सुरक्षा सुचकांकमा प्रगति नै भएको छ। 'विश्व भोकमरी सूचकांक २०२५' मा चार स्थान खस्किएर नेपाल 'मध्यम श्रेणीको भोकमरी' को श्रेणीमा परेको छ।

कृषि प्रविधि विकास र प्रसारमा नवप्रवर्तन तथा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै उच्च उत्पादन दिने जात तथा नश्लको विकास गर्ने, बढी उत्पादन दिने बाली तथा पशुपन्छीको विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धानलाई प्राथमिकता दिने जस्ता बाचा पनि 'बाचामै सीमित' रहे।

कृषि क्षेत्रको समग्र विकासका मुख्य आधार भनिएका कृषि शिक्षा, अनुसन्धान एवं प्रविधिको विकासलाई नै प्राथमिकतामा नपारिएकाले अपेक्षित प्रगती हुन नसकेको सरोकारवाला बताउँछन्।

नेपाली किसानलाई समयमै मल उपलब्ध गराउनका लागि सार्वजनिक निजी साझेदारी मोडेलमा स्वदेशमै रासायनिक, प्राङ्गारिक तथा सूक्ष्म पोषक तत्त्वको उत्पादन गर्ने व्यवस्था मिलाइने कांग्रेसको बाचा थियो।

मसिना धान तथा चैते धानको क्षेत्र विस्तार गर्दै सुरक्षित कटानी तथा भण्डारणका लागि मेकानिकल ड्राइङको सुविधा विस्तार गर्ने भनिएको थियो। तर चैत धानखेती प्रवर्धनमा मुख्य चुनौती भनेकै धान भित्र्याउने वेलामा मनसुन शुरु हुने र त्यस वेला धान भिजेपछि सुकाउने ड्रायर नहुँदा उत्पादन र गुणस्तर दुवै घट्ने अवस्था छ।

यस्तैगरी सुकाएर भण्डार गर्ने क्षमता समेत नहुँदा किसानले सरकारले तोकेको समर्थन मूल्यभन्दा पनि कममा धान बेच्नुपर्ने बाध्यता छ।

**कहाँ गयो एमालेको 'खेतबारीमा पानी : खाडी हैन, स्वदेशमै जवानी'?**

कृषि उत्पादन बृद्धि र आपूर्तिमा व्यापक सुधार गर्ने, कामका लागि खाद्यान्न तथा नगद कार्यक्रमबाट प्रतिवर्ष एक लाख परिवारलाई खाद्य सुरक्षा जस्ता बाचा गरेको एमालेको 'कोही भोकै पर्दैन, भोकले कोही मर्दैन' सुन्नलाई मीठो सुनियो।

'खेतबारीमा पानी, दोब्बर हुन्छ उब्जनी' भनेको एमालेले सतह र भूमिगत सिँचाइबाट तराई मधेशको जमिन सिञ्चित गर्ने बाचा गरेको थियो।

तर गत बर्खा मौसममा नै लामो समय पानी नपरेपछि खडेरीले पानीका स्रोत तथा मुहान सुक्दा खेतबारीमा लगाउने मात्र नभई खाने पानीकै संकट भयो।

तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले खडेरी र जल संकट भोग्नुपरेको मधेशलाई डिप बोरिङ जडान लगायतका काम गरी सुक्खाबाट जोगाउने बाचा गरे। तर आकाशबाटै पानी नआइ पानीको संकट पूर्णरूपमा समाधान हुने अवस्था भएन।

आर्थिक वृद्धिको प्रमुख संवाहकका रूपमा विकास गर्ने भनिएको कृषि क्षेत्रको रूपान्तरण, कृषिमा लगानी दोब्बर, कृषि पेशालाई मर्यादित पेशाको रूपमा विकास गर्ने लगायतका नाराले किसानलाई लोभ्याएको पनि थियो।

तर आफैँले उत्पादन गरेका वस्तुले पर्याप्त बजार नपाउने, मूल्य नपाउने, बेचेर पनि समयमा पैसा नआउने लगायतका समस्याले किसानले न जीविकोपार्जनलाई सहज तुल्याउन सके न सम्मानित महशुस गर्न सके।

कृषकलाई समयमै सुपथ मूल्यमा मल उपलब्ध गराउने बाचालाई बाली लगाउने सिजनमा मलको हाहाकारले गिज्याई नै रह्यो। धान, मकै, दूध, अण्डा लगायतका उत्पादनमा आत्मनिर्भर बनाउन पनि प्रभावकारी कदम चाल्न सकेको देखिएन। त्यसको उल्टो धान चामलको आयात बढ्दो छ।

कृषकको आम्दानी कम्तीमा दोब्बर बनाइने जस्ता लोकप्रिय बाचा कागजमा मात्र सजियो भने अण्डाको भाउ नपाएर कैयौँ किसान पोल्ट्री व्यवसायबाट पलायन नै भए।

एमालेले पनि घोषणापत्रमा प्राथमिकता दिएर पुरा गर्न नसकेको अर्को बाचा हो, मल कारखाना। 'पाँच वर्षभित्र रासायनिक मल कारखाना स्थापना गरिनेछ', एमालेले २०७९ को निर्वाचनमा भनेको थियो।

लगानी बोर्डले अध्ययनकै क्रममा रहेको बताएको मल कारखाना बन्ला र स्वदेशमै उत्पादन भएको मल हालेर उत्पादन बढाउँला भनेर किसान कुरेका कुर्‍यै भए तर नेपालमा मल कारखानाको सम्भाव्यता अध्ययनमै वर्षहरु बिते।

ठूलो लगानी चाहिने मल कारखाना बनिहाले पनि सानो परिमाणमा उत्पादन गर्दा फाइदा नहुने, धेरै उत्पादन गर्दा देशभित्रको खपतले नभ्याउने भएकाले अन्तर्राष्ट्रिय बजारको सन्दर्भमै बहस केन्द्रित छ।

**तत्कालीन नेकपा माओवादी केन्□ (नेपाली कम्युनिष्ट पार्टी)**

कृषि क्षेत्रको रूपान्तरण गर्ने र स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगको विकास गर्ने रणनीति लिएको माओवादी केन्द्र २०७९ मा चर्चाको शिखरमा रह्यो।

संसदीय चुनावमा तेस्रो शक्तिमा खुम्चिएर पनि सरकारको नेतृत्व गरको माओवादी त्यसपछिका सरकारमा पनि सहभागी भयो। तर मतदातको ठूलो हिस्सा किसानले 'कृषि क्षेत्रको रूपान्तरण' नारा सुनेरै अघाउनुपर्‍यो।

कृषकहरू कृषि पेशाबाट पलायन हुँदा जमिन बाँझो भइरहेका उसलाई थाहा थियो, तर यो क्रम रोक्न सकेन, बरु सरकारी तथ्यांकले नै ३० प्रतिशत भन्दा बढी जमिन बाँझो भएका अनुमान गरेको छ। नेपालमा खेतीयोग्य जमिनमध्ये १० लाख हेक्टरभन्दा धेरै बाँझो छ।

कृषियोग्य जमिन बाँझो राख्ने अवस्था हटाउन उसका धेरै योजना पनि घोषणापत्रमा थिए। माओवादी केन्द्रले पनि मललाई प्राथमिकतामा राखेको देखायो।

उसले समयमै मल आयात गरी बाली लगाउनुअघि नै खेतबारीमा पुग्ने व्यवस्था भनिरहँदा किसान बाली लगाउने वेला मलको अभाव खेप्दै सहकारी र डिपो धाएर हैरान भइरहेका थिए।

मसिनो चामलको आयात प्रतिस्थापन गर्ने पनि कार्यक्रमको घोषणा भएको थियो। तर नेपालीले रुचाएका मसिनो, बासनादार, बासमाती चामल भारत लगायतका देशबाट किनेर ल्याउँदा बर्सेनी अर्बौं रुपैयाँ बाहिरिरहेको छ।

परिचयपत्रको आधारमा किसानलाई राहत, अनुदान, क्षतिपूर्ति लगायतका सहयोग, योगदानमा आधारित किसान पेन्सनको व्यवस्था गर्ने कुराले किसानलाई

❖ बाँकी अन्तिम पृष्ठमा

## इप्रका दमकबाट लुटिएको म्यागजिन र गोली भेटियो

झापा, फागुन १४ । जेनजी आन्दोलनका बेला लुटिएको थप म्यागजिन र गोली भेटिएको छ ।



बुधवार साँझ ५ बजे इलाका प्रहरी कार्यालय दमकमा कार्यरत प्रहरी जवान रमानन्दकुमार ठाकुरले इप्रका दमकको पछाडीपट्टि पर्खालको फेदमा सरसफाई(फटीक) गर्ने क्रममा इन्सासको म्यागजिन थान १ र ३ राउण्ड गोली फेला पारेका हुन् ।उक्त म्यागजिन र राउण्ड इप्रका दमकबाटै गत भदौ२४गते जेनजी आन्दोलनमा लुटिएको खुल्न आएको छ ।

## देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा पुग्यो निर्वाचन सामग्री




काठमाडौं, फागुन १४ । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरका १६५ वटै क्षेत्रमा निर्वाचन सामग्री पुगेको छ ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणालीतर्फको गरी चार करोड ११ लाख ५३ हजार मतपत्र ७७ वटै जिल्लाका १६५ वटै निर्वाचन क्षेत्रमा पुगेको निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए । प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को पूर्वतयारी अन्तिम चरणमा छ ।

आयोगबाट स्वीकृत कार्य तालिकाअनुसार व्यवस्थापकीय कार्य तालिकाबद्ध र तोकिएको समयमा सञ्चालित छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फका मतपत्र छपाइ सम्पन्न भई ७७ वटै जिल्लामा पुगेको छ । केही सामग्री भने जिल्लामै व्यवस्थापन हुनेछ । निर्वाचन अधिकृतको कार्यालयबाट भने मतदान अधिकृतको जिम्मामा सबै सामग्री पठाइने आयोगले जनाएको छ ।

स्वीकृत कार्यक्रमअनुसार मतदाता शिक्षासम्बन्धी विशेष कार्यक्रम यही फागुन ३ गतेदेखि जारी छ । मतदाता शिक्षा फागुन १७ गतेसम्म ७५३ स्थानीय तहका ६ हजार ७४३ वडामा निरन्तर सञ्चालन हुने जनाइएको छ । निर्वाचन आचारसंहिता अनुगमन एवं परिपालनामा निरन्तरता दिँदै केन्द्रीय आचारसंहिता अनुगमन समितिलगायतका संयन्त्रहरुले सक्रिय रुपमा कार्यसम्पादन गर्दै आएका छन् ।

यही फागुन ४ गतेदेखि राजनीतिक दलहरुले चुनावको मुख्य प्रचारप्रसारका गतिविधि सुरुवात गरेका छन् । प्रचारप्रसारलाई प्रचलित कानुन र आचारसंहिताको अधीनमा रही शिष्ट र मर्यादित बनाउन आयोगबाट राजनीतिक दल र उम्मेदवारहरुलाई निर्देशन भइसकेको छ ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

**सार्वजनिक...**

छन् । नीति-निर्माता, उच्चपदस्थ अधिकारी र प्रभावशाली वर्गले आफ्ना सन्तान निजी विद्यालयमा पढाउने प्रवृत्तिले सार्वजनिक शिक्षाप्रति अविश्वासको सन्देश दिएको छ । राज्य स्वयं आफ्ना विद्यालयप्रति विश्वस्त नदेखिँदा समाजबाट भरोसा अपेक्षा गर्नु कठिन हुन्छ ।यद्यपि सार्वजनिक शिक्षा सुधार असम्भव छैन । सीमित स्रोत र कठिन परिस्थितिका बाबजुद उत्कृष्ट नतिजा हासिल गरेका सामुदायिक विद्यालयहरू उदाहरणका रूपमा छन् । ती विद्यालयमा सक्षम नेतृत्व, उत्तरदायी शिक्षक, सक्रिय समुदाय र पारदर्शी व्यवस्थापन निर्णायक बनेका छन् । यसले इच्छाशक्ति र सुशासन भए सार्वजनिक शिक्षा सुधार सम्भव छ भन्ने प्रमाणित गर्छ ।

सार्वजनिक शिक्षाको सबैभन्दा ठूलो शक्ति यसको समावेशी चरित्र हो । गरिब, ग्रामीण, सीमान्तकृत र अवसरबाट वञ्चित समुदायका बालबालिकाको भविष्य सार्वजनिक शिक्षासँग गाँसिएको छ । त्यसैले सार्वजनिक शिक्षा सुधार गर्नु केवल शैक्षिक विषय होइन; यो सामाजिक न्याय, समान अवसर र राष्ट्रिय विकाससँग प्रत्यक्ष जोडिएको प्रश्न हो ।

अब आवश्यक छ शिक्षालाई खर्च होइन, दीर्घकालीन लगानीका रूपमा हेर्ने दृष्टि । बजेट वृद्धि मात्र पर्याप्त छैन; त्यसको पारदर्शी, प्रभावकारी र परिणाममुखी उपयोग सुनिश्चित गर्नुपर्छ । शिक्षक व्यवस्थापनमा राजनीतिक हस्तक्षेप अन्त्य गरी योग्यता र कार्यसम्पादनमा आधारित प्रणाली लागू गर्नुपर्छ । विद्यालयको सिकाइ उपलब्धि र स्थानीय तहको जिम्मेवारी मापन गर्ने स्पष्ट सूचक र कडा अनुगमन प्रणाली विकास गर्नु अपरिहार्य छ ।

सार्वजनिक शिक्षा सुधारका लागि अभिभावक, शिक्षक, स्थानीय तह र राज्य सबैको सक्रिय सहभागिता अपरिहार्य छ । शिक्षकले शिक्षणलाई केवल रोजगारी नभई पेसागत र सामाजिक दायित्वका रूपमा लिनुपर्छ । विद्यालय नेतृत्व र व्यवस्थापन समितिले विद्यालयलाई प्रशासनिक एकाइ मात्र होइन, सिकाइको केन्द्रका रूपमा विकास गर्नुपर्छ । अभिभावक र समुदायको सहयोगबिना सार्वजनिक शिक्षा सुदृढ हुन सक्दैन ।

अन्ततः सार्वजनिक शिक्षा नेपालको भविष्य निर्माणको आधार हो । यदि राज्य, शिक्षक, अभिभावक र समाजले आआफ्नो भूमिका

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मिन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ